# भाग ४

## श्री ५ को सरकार
## उद्योग मन्त्रालयको
## सूचना १

श्री ५ को सरकारले मिति २०४१।९।२ को निर्णयानुसार नेपाल इञ्जिनीयरिङ्ग सेवा, माईनिङ्ग इञ्जिनीयरिङ्ग समूह, पदसङ्केत उ।खा।भू।०९।८ रा.प. प्रथम श्रेणी, खानी तथा भूगर्भ विभागका सुपरिण्टेण्डेण्ट माईनिङ्ग इञ्जिनीयर श्री गुह्येश्वरीराज मानन्धरलाई निजामती सेवा नियमावली, २०२१ को नियम १०.६ (७) को कसूरमा सोही नियमावलीको नियम १०.१ (५) बमोजिम भविष्यमा सरकारी नोकरीको निमित्त अयोग्य नठहरिने गरी सरकारी सेवाबाट हटाएको छ ।

## सूचना २

श्री ५ को सरकारले मिति २०४१।९।२८ को निर्णयानुसार श्री केशरसिंह गुरुङलाई नेपाल इञ्जिनीयरिङ्ग सेवा, माईनिङ्ग इञ्जिनीयरिङ्ग समूह, रा.प. तृतीय श्रेणीको पदमा १ वर्षको परीक्षण कालमा रहने गरी नियुक्ति गरी खानी तथा भूगर्भ विभागमा रिक्त रहेको पदसङ्केत उ।खा।भू।०७।३७ को माईनिङ्ग इञ्जिनीयर पदमा पदस्थापन गरेको छ ।

## सूचना ३

श्री ५ को सरकारले मिति २०४१।१०।१ को निर्णयानुसार नेपाल इञ्जिनीयरिङ्ग सेवा, जियोलजी समूह, रा.प. द्वितीय श्रेणी, विद्युत् विभागका सिनियर जियोलजिष्ट श्री शङ्करलाल कर्माचार्यलाई सोही सेवा, समूह तथा श्रेणीको पदसङ्केत उ।खा।भू।०८।२१ को सिनियर जियोलजिष्ट पदमा खानी तथा भूगर्भ विभागमा सरुवा गरेको छ ।

## सूचना ४

श्री ५ को सरकारले मिति २०४१।१०।१ को निर्णयानुसार नेपाल इञ्जिनीयरिङ्ग सेवा, जियोलजी समूह, पदसङ्केत उ।खा।भू।०८।२१ को रा.प. द्वितीय श्रेणी, खानी तथा भूगर्भ विभागका सिनियर जियोलजिष्ट श्री देवीबहादुर थापालाई सोही सेवा, समूह तथा श्रेणीको सिनियर जियोलजिष्ट पदमा विद्युत् विभागमा सरुवा गरेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।